प्रतिदिन पु भौं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१५ ।। अङ्क : २९८ ॥ २०८० पुष २६ गते बिहिबार (11th Jan 2024 Thursday) | Pratidin National Daily | मूल्य-रु.५/-

कटेरोबाट स्थापित महेन्द्र रत्न नमूना विद्यालय

बिर्तामोड(प्रस)। कटेरोबाट स्थापना भएको बिर्तामोड ३ अनारमनीस्थित महेन्द्ररत्न माध्यमिक विद्यालय जिल्लाकै नमूना विद्यालयको रुपमा विकसित भएको छ । भौतिक तथा व्यवस्थापकीय सुविधासगै विद्यालयको शैक्षिक स्तरसमेत स्तरीय रहेको छ। २०१४ सालमा स्थापना भई लामो इतिहास रच्न सफल यस विद्यालयले आज ६६ औं वार्षिक उत्सव मनाउँदैछ । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीको प्रमुख आतिथ्यमा विद्यालयले वार्षिक उत्सव मनाउन लागेको हो । त्यस अवसरमा अभिभावक दिवस, बृहत साँस्कृतिक कार्यक्रम, शिक्षक सम्मान तथा बिदाइ समारोह गरिने विद्यालयका प्रधानाध्यापक खड्गप्रसाद खरेलले जानकारी दिए । उनका अनुसार पाँच जना उत्कृष्ट शिक्षकलाई सम्मान गरिने भएको हो । त्यस्तै दीर्घसेवा सम्मानबाट ६ जनालाई सम्मानित गरिने भएको छ । सम्मानित हुनेहरुमा भूतपूर्व विद्यार्थी समाजका अध्यक्ष राजकुमार पोखरेल , पुष्प पौडेल , तुलसा सिटौला , विजय उप्रेती , नेत्र खरेल र चन्द्र प्रसाई रहेका छन् । त्यस्तै विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्षहरुलाई पनि सम्मान गरिने भएको छ । सम्मानित हुनेहरुमा लोकबन्धु कन्दङ्वा , निरा प्रधान , ठगबहादुर खड्का , रामनारायण चौधरी , स्व. लक्ष्मण खड्का र स्व. पर्शुराम सिटौला रहेका छन् । त्यस्तै पूर्व प्रधानाध्यापकहरु देवेन्द्र गौतम , मोहन पायम र मोहनप्रसाद ओलीलाई पनि सम्मान गरिने भएको छ । सोही अवसरमा १० लाखको स्व. सुरेश पाठक स्मृति अक्षय कोष स्थापना गर्ने कार्यक्रम रहेको छ । वार्षिकोत्सवकै अवसरमा नगरस्तरीय महेन्द्ररत्न ताराको सिजन २ बुधवार सम्पन्न भएको छ । त्यस गायन प्रतियोगितामा देवी मावि‍का अभिशेख कटुवाल प्रथम , सांगवेद मावि‍का अमित अधिकारी दोस्रो र मोहनमाया मावि‍का विशेषता अधिकारी तेस्रो भएका छन् । उनीहरुलाई क्रमशः ५ हजार , ३ हजार र २ हजार नगद प्रदान गरिने भएको छ । बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा शिक्षा शाखा प्रमुख तिलचन भण्डारी , वडाध्यक्ष मदन बुढाथोकीलगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको अध्यक्षता विद्यालय व्यवस्थापन समिति अध्यक्ष टंकप्रसाद सेढाईले गरेका थिए । विद्यालयको ऐतिहासिक पृष्ठभूमि हेर्दा यसको शुरुवात शारदा प्राथमिक स्कुलको रूपमा स्व.भूपालमान सिंह कार्कीबाट स्थापना भई सञ्चालन भएको पाइन्छ ।

समाजवादी चिन्तक भरतबाबु (सि.के.प्रसाई) जसले यस विद्यालयको भवन निर्माण गरी महेन्द्ररत्न मल्टि पर्पस मिडिल स्कुललाई जीवन्त शैक्षिक संस्थाका रूपमा स्थापित गरेका थिए । विद्यालयलाई भक्तसिंह राजवंशी, पुष्पलाल चौधरी, शुकदेव चौधरी,खन्जनसरी राजवंशी, गौरवती राजवंशी,ढालसरी राजवंशी,कृष्णदेव राजवंशी गरी ८ जना जग्गादाताहरुले करिब २४ विगाह जग्गा दान दिएका थिए । विद्यालयले दुईवटा नमूना भवन निर्माण कार्य पुरा गरिसकेको प्रअ खरेलले बताए । उनका अनुसार विद्यालय हाताभित्र मोटरसाईकल तथा साईकल स्टेन, निर्माण भई सञ्चालनमा आएको छ । त्यस्तै अटिजम स्रोत कक्षा स्थापना भई सञ्चालन भइरहेकोमा स्रोत कक्षाबाहिर ट्रससहितको खेल सामग्री भवनसमेत निर्माण भई सञ्चालनमा आएको उनले जानकारी दिए ।अटिजम स्रोत कक्षामा हाल १८ जना बालबालिकाहरु अध्ययनरत छन् । विद्यालयको कक्षाकोठामा प्रतिकोठा ४ वटाको दरले विद्युतिय पंखा जडान भएको छ भने सीसी क्यामेराको आवश्यक प्रवन्ध गरी सञ्चालन भएको खरेलले जानकारी दिए । त्यस्तै फूलबारीको थप व्यवस्थापन गरी आकर्षक बनाइएको छ ।हाल विद्यालयमा विद्यार्थी संख्या १९४४ जना रहेको छ भने शिक्षकहरुमा मा.वि.१२ , विहानीसत्र ३६ , आधारभूत ३६ , पूर्व प्राथमिक ९, नगरपालिकाको स्रोत २, निजी स्रोत ३, प्रदेश सरकार १ गरी जम्मा ९९ जना रहेका छन् ।त्यस्तै

कर्मचारी नर्स १, आया२, सरसफाई २, बस चालक २, लेखा तथा पुस्तकालय ५,सुरक्षागार्ड २ सहित शिक्षक तथा कर्मचारी गरी जम्मा ११३ जना रहेको प्रअ खरेलले जानकारी दिए ।

बलात्कार मुद्दामा सन्दीपलाई ८ वर्ष कैद सजाय

भ्रापा(प्रस)। जिल्ला अदालत काठमाडौंले बलात्कार मुद्दामा क्रिकेटर सन्दीप लामिछानेलाई ८ वर्षको कैद सजाय सुनाएको छ। बुधबार जिल्ला अदालत काठमाडौंले लामिछानेलाई ८ वर्षको कैद सजाय सुनाएको हो।

लामिछानेले मुलुकी अपराध संहिता २०७४ को दफा २१९ (३) (ङ) बमोजिम कसुर गरेको पुष्टि हुन आएकाले ८ वर्ष जेल र ३ लाख रुपैयाँ जरिवाना तोकेको हो। यसैगरी पीडित गौशाला-२६ लाई क्षतिपूर्तिस्वरुप दुई लाख दिनुपर्ने निर्णय अदालतले सुनाएको हो।

लामिछानेलाई १० वर्षभन्दा कम सजाय तोकिएकाले उनले थुनाबाहिर रहेर उच्च अदालतमा पुनरावेदन गर्न पाउनेछन्। ६ देखि १० वर्षभन्दा कम सजाय तोकिएका मुद्दामा प्रतिवादीले थुनाबाहिरै रहेर उच्चमा पुनरावेदन गर्न पाउने कानुनी व्यवस्था छ।

पुष १३ गते अदालते उनलाई जबरजस्ती करणीमा दोषी ठहर गरेको थियो। न्यायाधीश शिशिरराज ढकालको एकल इजलासले लामिछानेलाई बलात्कार मुद्दामा दोषी ठहर गरेको हो। लामिछानेले पीडित युवतीको नाजुक आर्थिक अवस्थाको फाइदा उठाएर जबरजस्ती करणी गरेको अदालतको ठहर छ।

पक्ष र विपक्षको बयान,साक्षीका बयान र घटना विवरण,सीसीटीभी फुटेजका आधारमा गौशाला २६ र सन्दीप लामिछानेले काठमाडौंदेखि नगरकोट गइ पुनःकाठमाडौं आएर होटलको एउटै कोठामा बसेको फैसलामा उल्लेख छ। एउटै कोठामा बसेको अवस्थामा सन्दीपले बलात्कार गरेको अदालतको ठहर छ।

नाबालिग बलात्कार गरेको आरोपमा गौशाला-२६ ले लामिछानेविरुद्ध गत भदौ २१ गते गौशाला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। तर, अदालतले जबरजस्ती करणीको जाहेरी दिने किशोरी नाबालिग नरहेको ठहर गरेको छ।

काठमाडौंको गौशालास्थित एक होटलमा लगेर बलात्कार गरेको आरोपमा पीडितले उजुरी दिएकी थिइन्। सोही उजुरीका आधारमा प्रहरीले लामिछानेलाई २० असोजमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरी मुद्दा अगाडि बढाएको थियो।

मुद्दाको थुनछेक बहसका क्रममा जिल्ला अदालत काठमाडौंले लामिछानेलाई पुर्पक्षका लागि कारागार पठाउने निर्णय गरेको थियो। बाहिरबाट मुद्दा लड्न पाउने माग गर्दै लामिछाने जिल्ला अदालतको सो फैसलाविरुद्ध उच्च अदालत पाटन पुगेका थिए। पछि उच्च अदालत पाटनले विदेश जान रोक लगाउँदै २० लाख धरौटीमा छाड्न आदेश दिएको थियो। धरौटीमा रिहा भएपछि लामिछाने फेरि सर्वोच्च अदालत गएका थिए। धरौटी रकम धेरै लिएको र विदेश जान पाउनुपर्ने माग गर्दै सर्वोच्च पुगेका थिए। पछि सर्वोच्च अदालतले लामिछानेलाई क्रिकेट खेल्न विदेश जान अनुमति दिएको थियो। त्यसपछि उनी अन्तर्राष्ट्रिय रुपमा क्रिकेट खेल्नका लागि विदेश गएका थिए। सर्वोच्च अदालतले गत १५ फागुनमा मुद्दाको चाँडो फैसला गर्न आदेशसमेत दिएको थियो।

श्री महेन्द्र-रत्न माध्यमिक विद्यालय
बिर्तामोड-३,अनारमनी झापा

सम्पूर्णमा हार्दिक निमन्त्रणा

बिर्तामोड नगरपालिका- ३ अनारमनीस्थित यस श्री महेन्द्ररत्न माध्यमिक विद्यालयको ६६ औं वार्षिक उत्सव तथा अभिभावक दिवस, बृहत साँस्कृतिक कार्यक्रम, शिक्षक सम्मान तथा बिदाइ समारोह कोशी प्रदेशका माननीय मुख्यमन्त्री केदार कार्कीको प्रमुख आतिथ्यतामा भव्यताका साथ सु-सम्पन्न हुन गइरहेको हुँदा उक्त अवसरमा उपस्थित भइदिनु हुन विद्यार्थी , अभिभावक , पूर्व विद्यार्थी , शिक्षक , शुभेच्छुकलगायत सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रम : पुरस्कार वितरण, सम्मान कार्यक्रम, बृहत साास्कृतिक कार्यक्रम, 'महेन्द्र रत्न तारा' गायन प्रतियोगिता तथा विविध ।

स्थान : महेन्द्र- रत्न माध्यमिक विद्यालय प्राङ्गण

मिति : २०८०/०९/ २६ गते

समय : दिनको ११:00 बजे

खड्गप्रसाद खरेल
प्रधानाध्यापक

"स्वदेशी उत्पादनको प्रवर्द्धन हाम्रो अभियान"
नेपाली जुत्ता उद्योगी समूह संगको सहकार्यमा
बिर्तामोड सिटी सेन्टर इन्भेष्टमेन्ट प्रा.लि. द्वारा आयोजित
BE BUY नेपाली
नेपाली उत्पादनका उत्कृष्ट फुटवेयर
अब सबै एकै ठाउमा
प्रथम बिर्तामोड जुत्ता चप्पल व्यापार महोत्सव-२०८०
२०८० पुस ०९ गते देखि माघ ०९ गते सम्म
सहभागी ब्राण्डहरू :
TOURIST PU-TiME · ROYAL SHOES · DJ PRODUCTION · DEARHILL SHOES · crossroad SHOES · Smart SHOES · run NEVER STOPS... · FIRST WALK SHOES
आयोजक : BIRTAMODE CITY CENTER
स्थान : बिर्तामोड सिटी सेन्टरको प्राङ्गण
मिति : २०८० पुस ०९ गते देखि २०८० माघ ०९ गते सम्म

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्यास्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किडनी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, हाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरूम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

माँ लक्ष्मी साकोसले कमायो मुनाफा

भ्रापा(प्रस)। आर्थिक संकटका बेलामा पनि बिर्तामोड ४ स्थित माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्थाले मुनाफा कमाएको छ ।

संस्थाले आर्थिक वर्ष २०७९-०८० मा १ लाख ८६ हजार ४१ रुपैयाँ संचालन मुनाफा कमाएको हो ।संस्थाको १५ औं वार्षिक साधारणसभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका अध्यक्ष देवेन्द्रकुमार सिंहले विश्वव्यापी कोरोना महामारीको बन्दाबन्दीले घट्दो आर्थिक व्यवस्था , बैंक वित्तीय संस्था तथा सहकारी संस्थाहरुले उब्जाएको प्रतिष्पर्धा निक्षेप तथा कर्जाको व्याजदरमा भएको अस्वाभाविक बृद्धिले गर्दा मुनाफा घटेको बताए । उनले कुल १ हजार ७७० जना शेयर सदस्य रहेको आफ्नो संस्थाले १ करोड ८७ लाख ९९ हजार ९०० रुपैयाँ चुक्ता पुँजी पुर्याएको जानकारी दिए ।

कोशी प्रदेशका पूर्वमन्त्री तथा सांसद एकराज कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रमुख अतिथि कार्की , बिर्तामोड नगरपालिकाका सहकारी अधिकृत डिल्ली दाहाल , बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजु न्यौपाने ,बिर्तामोड ४ का वडाध्यक्ष राहुल शर्मालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा पत्रकार, कर्मचारी ,असल बचतकर्ता , असल ऋणी , उत्कृष्ट विद्यार्थीलाई सम्मान गरिएको थियो । सम्मानित हुने पत्रकारमा पूर्वाञ्चल दैनिकका डेस्क सम्पादक लक्ष्मण ढकाल रहेका छन् । त्यस्तै असल बचतकर्तामा टिकादेवी मगर , ऋणीतर्फ राजकिशोर ठाकुर , कर्मचारीमा टिकु शाह , एसइईमा उतकृष्ट हुनेहरु नेहा शाह र अनिक चौधरीलाई सम्मान गरिएको थियो ।

संस्थाका उपाध्यक्ष राजकुमार राजवंशीले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन सचिव रमेशकुमार खतिवडाले गरेका थिए ।

बम्जनको घरबाट साढे ३ करोड रुपैयाँ बरामद

भ्रापा(प्रस) । हत्या र यौनहिंसाका आरोपित रामबहादुर बम्जनको घरबाट प्रहरीले करिब साढे ३ करोड रुपैयाँ बरामद गरेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सीआईबी) को टोलीले बम्जनलाई मंगलवार पक्राउ गरेको थियो ।

बुधबार सीआईबीले पत्रकार सम्मेलन गर्दै बुढानीलकण्ठस्थित घरबाट बरामद भएको नगद, मोबाइल र ल्यापटप लगाएका महत्वपूर्ण कागजात सार्वजनिक गरेको हो ।

सीआईबीका अनुसार बम्जनको घरबाट जम्मा ३ करोड ३४ लाख ३७ हजार ९ सय ६ रुपैयाँ बरामद भएको छ । जसमध्ये २ करोड ३ लाख ७५ हजार ५ सय नेपाली रुपैयाँ र ३० लाख ९२ हजार ४ सय ६ रुपैयाँबराबरका १७ देशका विदेशमी मुद्रा रहेको सीआईबीका सूचना अधिकारी एसपी नवराज अधिकारीले जानकारी दिए ।

आफूलाई तपस्वी बताउँदै आएका बम्जन विलासी जीवन बिताउँदै आएको पनि प्रहरीको अनुसन्धानबाट खुल्न आएको छ । उनले प्रदेश-३-०१ ०२४ च ६७२९ नम्बरको तुलाराम तामाङको नाममा रहेको सेतो टोयोटा फर्चुनर प्रयोग गर्दै आएका थिए ।

त्यस्तै उनले ल्यान्डक्रुजर-जेडएक्स किन्नका लागि ३ करोड रुपैयाँ सोरुमलाई बुझ्काइसकेको पनि सीआईबीले जनाएको छ । उनको प्रयोगका लागि धुम्बाराहीमा रहेको युनाइटेड ट्रेडर्स सिन्डिकेट प्राइभेट लिमिटेडमा सेतो रङको ल्यान्डक्रुजर किन्नका लागि ५ करोडमा बुकिङ गरिएको थियो । उक्त गाडी ललितपुर महानगरपालिका वडा नं. २२ बुङमतीका ४५ वर्षीय पनित महर्जनको नाममा किन्न खोजिएको थियो । महर्जन बौद्ध श्रवन धर्म संघ ललितपुरका अध्यक्ष हुन् । त्यस्तै बम्जनले क्रसफायर, केटीएम ड्युक मोटरसाइकल र यामाहा रे जेडआर स्कुटरसमेत प्रयोग गर्ने गरेको खुलेको छ ।रामबहादुर बम्जनलाई प्रहरीले लामो समयदेखि निगरानीमा राखेको थियो । मंगलबार पनि सीआईबीले पक्राउ गर्ने बेलामा उनी झ्यालबाट हाम फालेर भाग्न खोजेका थिए । बम्जन आफू बस्दै आएको घरको चौथो तलाबाटै भिरालो जमिनमा हाम फाली भाग्ने क्रममा पक्राउ गरेको सीआईबीको दाबी छ ।

हत्या र यौन शोषणको मुद्दामा सर्लाही जिल्ला अदातले २०७६ साल माघ २३ गते नै बम्जनलाई पक्राउ गर्न प्रहरीलाई अनुमति दिएको थियो । बाराको निजगढ नगरपालिका वडा नम्बर १२ का स्थायी बासिन्दा रहेका बम्जनले आफू तपस्वी भएको बताउँदै आएका थिए । तर उनकै आश्रमबाट अनुयायीहरू बेपत्ता पारेका विभिन्न उजुरीसमेत प्रहरीमा परेका छन् ।

अवैध असुलीमा प्रहरी नेतृत्वको नयाँ शैली



भद्रपुर(प्रस)। भ्रापाका प्रहरी चौकीमा नयाँ नेतृत्व फेरिएसँगै मालबाहक सवारीसाधनबाट अवैध असुलीको नयाँ शैली अपनाउन थालिएको गुनासो आउन थालेको छ ।

राजमार्गआसपास तथा भित्री सडकका छेउमा रहेका प्रहरी चौकीमा प्रमुख फेरिएसँगै सेटिङ मिलाउन भन्दै घुमुवाले मालबाहक सवारीसाधनका चालक तथा सहचालकलाई भेट्न बोलाएको गुनासो आउन थालेको हो ।

भ्रापाका उत्तर दक्षिण सडकमा चल्ने अधिकांश ढुवानी सेवाका सवार ीसाधनसित प्रहरी चौकीका नेतृत्वले सहज वातावरणका नाममा रकम असुल्ने गरेको विगतलाई नयाँ नेतृत्वले नवीकरण गर्न बोलाइरहेको एक चालकले जानकारी दिएका छन् । उनका अनुसार व्यापारिक प्रयोजनमा कुद्ने मिनी ट्रक, छोटा हात्ती, ट्र्याक्टरदेखि अटोसम्मका सवारीसाधनबाट कमाइ क्षमताका आधारमा मासिक नजराना उठाइने गरेको छ । हरेक पटक नयाँ नेतृत्व आएसँगै नजराना असुलीमा नयाँ-नयाँ शैली अपनाएर रकम बढाइने गरेको चालकहरूको गुनासो छ । यस घटनाले नेपाल- भारत सीमा नाकाबाट अबैध सामान ओसार पसार गर्ने सवारीसाधनबाट मोटो रकम असुल्ने प्रहरी चौकीको सिको गर्दै ग्रामीण सडकमा गुड्ने सवार ीसाधनबाट समेत रकम माग्ने गरेको रहस्य बाहिर आएको छ ।

साधारणसभामा उत्कृष्ट कृषकलाई सम्मान

कुमरखोद(प्रस)।भ्रापा गाउँपालिका वडा नं २ भ्रापा बजारमा रहेको कुमरखोद साना किसान कृषि सहकारी संस्थाले नवौं वार्षिक साधारणसभा बुधवार सम्पन्न गरेको छ ।

सामुदायिक रेडक्रसको सभाहलमा भएको कार्यक्रममा संस्थाकी अध्यक्ष सुजता पोखरेलको अध्यक्षता तथा भ्रापा गाउँपालिका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाको प्रमुख आतिथ्यता रहेको थियो । संस्थाकी अध्यक्ष पोखरेलले संस्थाको वार्षिक प्रगति विवरण प्रस्तुत गरेकी थिइन् । उनले महिला ५९७ र पुरुष ४७ गरी ६४४ जना शेयर सदस्य रहेको आफ्नो संस्थाले २ करोड ३२ लाख ८९ हजार २ सय १५ रुपैयाँ ऋण लगानी गरेको जानकारी दिइन् । त्यस्तै संस्थाले बैंकबाट १ करोड २१ लाख ३० हजार रुपैयाँ ऋण लिएको छ भने संस्थाको शेयर पुँजी ४० लाख ६४ हजार २ सय रुपैयाँ रहेको छ । कुल बचत ६१ लाख ११ हजार ८ सय ३२ रुपैयाँ रहेको संस्थाले यस आर्थिक वर्ष २०७९-८० मा ३९ लाख ३४ हजार ५९ रुपैयाँ कुल आम्दानी गरेको छ । सम्पूर्ण खर्चहरु कटाएर ७ लाख २१ हजार ४ सय ७५ रुपैयाँ संस्थाले मुनाफा गरेको अध्यक्ष पोखरेलले बताइन् ।

यस संस्थाले किसानहरुलाई पशुपालन तथा तरकारी खेतीका लागि ९ प्रतिशत व्याजदरमा ऋण लगानी गरेको छ भने ग्राहक सुरक्षण बचत कोषमा वार्षिक १० प्रतिशत व्याज दिदै आएको प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा प्रमुख अतिथि रहेका थपलिया र विशिष्ट अतिथि वडाध्यक्ष हिमालकुमार चम्लागाईले संस्थामा उत्कृष्ट हुने कृषकहरुलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरेका थिए । यस संस्थामा १२८ वटा अन्तरसमूहहरु रहेका छन् । अन्तरसमूहबाट उत्कृष्ट हुने ऋणी समूह नं. ७ कुवाडीका पदमकुमारी खड्का , समूह नं. २२ लाङगाली टोलका हुमा कल्पना नेपाल, समूह नं ५ हस्पिटल टोलका संगितादेवी कर्ण , समूह नं. ६ बाट कल्पनाकुमारी खड्का , दिलकुमारी बस्नेत , पार्वतीदेवी थापा , तुलसादेवी कार्की , नारदादेवी बस्नेत, मिनादेवी खड्का , समूह नं. १ बालबचतमा कामना निरौला र कृतिका निरौला , समूह नं. ३ रसुनगंजका सुशिला यादव , समूह नं. ६ सडकवाडीका टंकमाया कार्की रहेका छन् ।

संचालक समितिकी सदस्य पवित्रा राउतले स्वागत मन्तव्य गरेको कार्यक्रममा प्रमुख अतिथि कावा अध्यक्ष थपलिया, वडाध्यक्ष चम्लागाई , युद्धमाया खड्का , केशव कटुवाल, कल्पना खडकालगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा राजकुमार कोच , बोधप्रसाद प्रोखेल , कृष्ण केवरत , सुन्दरलाल गणेश , मनोजकुमार गणेशलगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको संचालन संस्थाका प्रबन्धक रुपक राजवंशीले गरेका थिए ।

दम्पत्ती नै अपांग,श्रीमानले गरे आत्महत्या

भ्रापा(प्रस)। भ्रापाको कचनकवलमा अपांगता भएका एक व्यक्तिले भुन्डिएर आत्महत्या गरेका छन् ।

कचनकवल ३ डाँगीबारी बजारका ३९ वर्षीय पानीलाल राजवंशीले मंगलवार राति बजारको टहरामा भुन्डिएर आत्महत्या गरेका हुन् । चियापसल गर्ने बुधु राजवंशीका जेठा छोरा पानीलाल राति २ बजे भुन्डिएको फेला परेका थिए । बोली नभएका राजवंशीकी श्रीमती भाद्री राजवंशी पनि शारीरिक अपांग हुन् । टहराको मक्किएको बाँसमा डोरी लगाएर उनी भुन्डिएकोमा बाँस भाच्चिएको छ । राति परिवारले थाहा पाएर खबर गरेको कचनकवल गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईले बताए । राजवंशी केही दिनदेखि अस्वस्थ्य रहेका थिए । उपाध्यक्ष भट्टराईका अनुसार पेटको समस्या रहेका उनलाई आज परिवारले अस्पताल लान खोजेका थिए । मृतकका दुईजना छोरी रहेका छन् ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

१५ दिने सूचना

सधियार पूर्व : श्री पदम बहादुर अधिकारी, उत्तरः श्री चन्द्रबहादुर विश्वकर्मा, दक्षिण : श्री बाल कुमार खड्काको नाममा जारी गरिएको ।

साविक बुधबारे ६ हाल बुद्धशान्ति गाउँपालिका १ बस्ने श्री रविन कुमार लिम्बु ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जमिन मिति
बुद्धशान्ति-१	-	४८०९	०-०-८.२५	२०८०/०९/०६	२०८०/०९/०६	२०८०/०९/२२

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

१५ दिने सूचना

सधियार पूर्वः श्री कैलाश पति ओली को नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री देवी प्रसाद खरेलले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जमिन मिति
बिर्तामोड नपा-२	-	४७५, ४७७, ५५५६	०-०-१०	२०८०/०१/२८	२०८०/०१/२८	२०८०/०९/०५

असल संस्कार र समृद्धिका लागि एनएमसी

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

शेयर लाभांशबाट सदस्य मृत्यु राहत कोषमा सहभागिताका लागि अनिच्छा जनाउने सम्बन्धी सूचना

मिति : २०८०।९।२४

यस नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. को आन्तरिक कार्यविधिमा भएको व्यवस्था अनुसार सदस्यहरुको लागत सहभागितासहितको मृत्यु राहत कोषमा योगदान जनाउने बारेमा यहि मिति २०८० मंसिर १६ गते सम्पन्न ३१ औं वार्षिक साधारण सभाको अन्तिम माइन्युट प्रमाणित सभाबाट सदस्य मृत्यु राहत कोषमा सदस्यले प्राप्त गर्ने शेयर लाभांशबाटै जम्मा गर्ने निर्णय भएको र उक्त निर्णयमा कोही सदस्य यस कार्यक्रममा सहभागी हुन अनिच्छुक भएमा निवेदन दिई जानकारी गराउनु पर्ने व्यवस्था भएकाले यदि कुनै सदस्य आफ्नो शेयर लाभांशबाट लागत सहभागिता जनाउन अनिच्छुक भएमा यहि २०८० माघ मसान्तभित्र संस्थामा लिखित जानकारी गराउन हुन यसै सूचनाद्वारा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

– कर्पोरेट कार्यालय

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

साविक पाँचथर जिल्ला सुभाङ गाउँ पञ्चायत वडा नं. ८ हालको प्रदेश नं. १ पाँचथर जिल्ला, हिलिहाङ गा.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल झापा जिल्ला, बाह्रदशी गा.पा. वडा नं. ५ बस्ने नागरिकता नं ३०५७ भएको कर्णखर मैनालीका नाति, हरिलाल मैनालीका छोरा गंगा प्रसाद मैनालीको मिति वि.सं. २०८०/०८/०५ गते मृत्यु भएकाले निजको नाममा यस बैंकको शाखा कार्यालय गोलधापमा रहेको बचत खाता नं. ण्ट्टण्ज्ञण्ण्ण्ट्ण्ण्ठद्धज्ञण्ण्ण्ण्ज्ञ मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाऊँ भनी मृतकका पत्नी लिला माया मैनालीले मिति २०८०/०९/२३ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्बन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै पनि उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, गोलधाप
फोन नं. ९८०२३१२३२६

आशा ज्वेलर्स
भद्रपुर ८, सगरमाथा चोक
आकर्षक तथा राम्रो मोडलमा बिना रसायनको गरगहना बनाउनु परे हामीलाई सम्झनुहोस ।

प्रो. जितेन्द्र प्रसाद सोनार
सम्पर्क: ९८१७८५५१७२,
९८६४००८१५२

आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।
- चिसोमा झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

छुवाछूत अन्त्य गरौं

शिक्षित समाजमा छुवाछूत अझै व्याप्त छ । जातीय छुवाछूत तथा भेदभाव पुराना पुस्ताका र शिक्षाको कमी भएका व्यक्तिहरूले गर्छन् त्यसैले शिक्षाको विकास भएपछि आफैं हटेर जान्छ भन्ने परम्परागत सोचाइ गलत साबित हुँदै आएको छ।

विगतमा भन्दा नेपालीको साक्षरता दर र प्रतिव्यक्ति आयमा उल्लेखनीय वृद्धि भएको छ। मुलुकले शासकीय स्वरूप र संरचनामा ठूलो फड्को मारेको छ। राजनीतिक तथा प्रशासनिक क्षेत्रमा दलितहरूको प्रतिनिधित्व पनि बढिरहेको छ। यति हुँदाहुँदै पनि समाजका शिक्षित तथा बौद्धिक भनिनेहरूबाट नै जातीय भेदभाव तथा छुवाछूतका अपराध हुने गरेका छन्।

आर्थिक तथा शैक्षिक हैसियत मजबुत भएका दलितहरू पनि यस प्रकारको अपराधबाट प्रताडित बन्नुपरेको छ। परम्परागत अभ्यासस्वँगै नयाँ स्वरूपमा प्रकट भएको जातीय भेदभाव तथा छुवाछूतविरुद्ध लड्न दलितहरूका लागि थप चुनौती बनेको छ।

जातकै आधारमा सरकारी कर्मचारीले समेत पराकाष्ठा सहनुपर्ने अवस्था विद्यमान भएकाले शिक्षित, धनी र पदमा पुगेमा जातीय छुवाछूतबाट मुक्त पाइएला भन्ने अवस्था अझै छैन। जातीय विभेद र छुवाछूतका लुप्त र प्रकटरूपमा हुने घटनाहरूलाई छुट्टाछुट्टैरूपमा हेर्दा अझ प्रष्ट हुन सकिन्छ।

दलित समुदायले भोगिरहेका विभेद र छुवाछूतका सबै घटना बाहिर आउन सकेका छैनन्। यसलाई जातीय भेदभावको लुप्त घटनाका रूपमा हेर्न सकिन्छ। अर्को कुरा कुनै पेसा/व्यावसाय वा कुनै पदमा आसीन व्यक्तिहरूले आफूमा भएका विभेदको कानुनी उपचारतिर लागदा उनीहरूको पेसा/व्यवसाय नै संकटमा पर्ने भएकाले आफूले महसुस गरेका छुवाछूत र विभेदलाई आफ्नो व्यावसायिक फाइदासँग सम्झौता गर्नुपर्ने अवस्था हुन्छ।

अहिले जति पनि जातीय विभेदका घटना बाहिर आएका छन् ती सहनै नसक्ने भएर वा जघन्य अपराध भएर बाहिर आएका छन्। यस्ता असह्य घटनाहरू सार्वजनिक स्थानमा र सार्वजनिक पद धारण गरेका व्यक्तिहरूबाट समेत हुने गरेका छन्।

हिजोका दिनमा व्यक्तिगत घर आँगन, सार्वजनिक मन्दिर, पानी पँधेरो, भोजभतेरमा हुने गरेको जातीय विभेद तथा छुवाछूतको दायरा बढेर अहिले सरकारी कार्यालय, सभा सम्मेलन, वैठक, नीति निर्माण तथा निर्णय प्रक्रियासम्म पुगेको छ। जुनसुकै स्थानमा हुने गरेका अपराध घटना बाहिर आएपश्चात त्यसलाई निष्कर्षमा पुऱ्याउने कार्य चुनौतीपूर्ण छ।

अर्कोतर्फ कानुन कार्यान्वयन गर्ने निकायबाट हुने ढिलासुस्ती र बेवास्ता अझै पीडादायी छ।दलितको संवैधानिक अधिकारप्रति पूर्ण राजनीतिक अपनत्व तथा प्रतिबद्धताको अभावकै कारण यस प्रकारका कानुन र कार्यक्रमको कार्यान्वयन फितलो हुँदा जातीय विभेद तथा छुवाछूत नयाँरूपमा प्रकट भइरहेका छन्। मुलुकको दीर्घकालीन विकासका लागि जुनसुकै स्वरूपको जातीय विभेद तथा छुवाछूत अन्त्य मुख्य सर्त बन्नुपर्ने आजको आवश्यकता हो।

महेन्द्र-रत्न इतिहास

• देवेन्द्र गौतम

२००४ सालमा पद्म शमशेरले संवैधानिक कानूनको घोषणा गरेअनुसार प्राइवेट स्कूल खोल्ने स्वीकृत प्राप्त भयो । नेपाल अधिराज्यभर धेरै स्कूलहरु स्थापना भई सञ्चालन हुन लागे। यसैक्रममा भूपालमानसिंह कार्की अनारमनी बिर्ताबजार र काठमाण्डौको हाकिम भई वि.स. १९९३ मा झापा आएको उनको 'मेरो जीवन यात्रा' पुस्तकबाट थाहा हुन्छ। उनले सुरुमा घर भाडामा लिएर र पछि अनारमनी बजार उत्तरपट्टि आफू बस्ने घर बनाएका थिए । आफ्ना छोरा जगतबन्धुलाई अंग्रेजी पढाउन र आफू समेत अध्ययन गर्न अंग्रेजी शिक्षक प्रशन्नलाल बिश्वासलाई भारतको बिहारबाट झिकाएका थिए। त्यसताका अनारमनी क्षेत्र बाक्लो वन जंगलले ढाकेको अवस्था थियो । चन्द्र शमशेरले आफ्नी रानीको लागि अनारमनी मौजाको तिरो उठाइ खानु भनी बिर्ता दिएको हुँदा त्यसैबाट अनारमनी बजारलाई बिर्ता भनिन लागेको बताइन्छ । भूपालमान सिंह कार्कीले लेखेका छन्-२००४ मा प्रमोशन भई अनारमनी आएपछि मैले सर्वप्रथम अनारमनी बजारबाटै शिक्षाको दीप प्रज्ज्वलित गर्न थालें । सर्वप्रथम त्यहाँ मैले प्राथमिक स्कूल खोलें । त्यसपछि भद्रपुर पसे र श्री पद्म पब्लिक हाइस्कूल स्थापना गरें।' त्यसबेलासम्म झापा झिलझिलिया र भद्रपुर धर्मशालामा संचालित दुई भाषा पाठशाला मात्र भएको कुरा उल्लेख गरिएको छ । झापाको पहिलो अंग्रेजी स्कूल अनारमनीको बीच भागमा एउटा फुसको टहरोमा सञ्चालित २००५ को अन्त्यतिर स्थापित शारदा प्राथामिक स्कूल हो भन्ने कुरा समेत उक्त पुस्तकबाट खुल्न आउँछ ।

अंग्रेजी भाषा शिक्षाको प्रचार र विकास तीव्र गतिले हुँदै गयो । २००७ सालको प्रजातन्त्र प्राप्तिपछि अंग्रेजी शिक्षा विकासमा ठूलो परिवर्तन भयो । गाउँ घरमा स्कूलहरु स्थापना हुन लागे । अंग्रेजी शिक्षक विदेशबाट झिकाई पठन-पाठन कार्यलाई अगाडि बढाउन थालियो । अंग्रेजी भाषाको मोह बढ्दै गयो । संस्कृत भाषा पाठशालाहरु धरापमा पर्दै गए। अंग्रेजी भाषालाई गाईखाने भाषा भनी आरोप लगाइएता पनि यसको विकासक्रममा कुनै असर परेन । झापामा अनगिन्ती अंग्रेजी स्कूल स्थापित भई सञ्चालन हुन लागे । यसैक्रममा श्री छत्रकेशरी प्रसाई आफ्नो अध्ययन पूरा गरी झापा अनारमनी फर्किए । अनारमनी बजारनजिक भिटा खरिद गरी २०१४ मा फगुनी मिस्त्रीलाई लगाई आफू बस्ने घर (निजी निवास) बनाए । जसलाई निशी निवास भनियो। उता विद्यार्थीको चाप बढ्दै गएकोले फुसको घरले थामेन । जग्गा अभावको कारणले कहिले शिवालय छेउमा त कहिले सतानुसिंह राजवंशीको घर अगाडि टहरो बनाई संचालनमा आएको उक्त प्राथमिक स्कूलको दुरावस्था देखेर माताद्वय रुद्रकुमारी र पद्मकुमारीको तर्फबाट आफ्ना स्व. पति लप्टन देवीप्रसाद प्रसाईको पुण्य स्मृतिमा ४ चारकोठे पक्की टिनको छाना भएको भवन जग्गादाता लवनसिंह राजवंशीले दिएको जग्गामा निर्माण गरिदिए । उक्त विद्यालयलाई नयाँ भवनमा स्थापित श्री महेन्द्र-रत्न पल्टिपर्पस मिडिल स्कूलमा विद्यार्थीको चाप बढ्दै गएको हुनाले सोही भवनमा दक्षिणतर्फ जोडेर तीन कोठा सतानुसिंह राजवंशीबाट र उत्तरपट्टि २ कोठा जोडेर जनसहभागितामा निर्माण गरी प्रअ दाताराम शर्माको पालामा कक्षा सञ्चालन हुन थाल्यो। उक्त भवनका कोठा साँघुरा र जीर्ण भई प्रयोगमा ल्याउन नसकिने अवस्था भएकोले उक्त भवन निर्माणकर्ताको अनुमति लिई हटाइयो । उक्त भवनको इतिहासलाई जीवित राख्न विद्यालयको शिला स्तम्भमा अभिलेख राखिएको छ ।

उता विद्यालय बजारबाट सरिसकेपछि खाली रहेको फुसको टहरोमा दुर्गा पुस्तकालय स्थापना गरियो । पछि कृष्ण गिरी गाउँ पञ्चायतको प्रधानपञ्च भएको समयमा उनले त्यही ठाउँमा पक्की भवन बनाई पुस्तकालय सञ्चालन गरियो। दुःखको कुरा हाल उक्त भवनमा न त त्यसबेलाका किताबहरु छन् ,न त पत्रपत्रिका नै । खाली दुईवटा सखुवाका दराजबाहेक केही छैन । यसको बारेमा बुद्धिजीवीहरुको चासो र दायित्व थपिन पुगेको छ ।महेन्द्र-रत्न मल्टिपर्पस मिडिल स्कूलका संस्थापक सि केशरी (भरतबाबु) प्रसाई र पहिलो प्रधान अध्यापक औपचारिक रुपमा किशोर प्रसाई हुनुभयो । उहाँले २०२० सम्म यो पद सम्हाल्नु भयो । त्यस समयमा नगेन्द्र पाठक, के. वी. मैनाली, बुढोसर (जगदीश झा), रेवानन्द खड्का शिक्षक पदमा रहनुभएको थियो । शिक्षकको पारिश्रमिकको बन्दोबस्त मिलाउन पहिले सेक्रेटरी खरदार भैरवबहादुर श्रेष्ठलाई बनाइयो । उहाँले २०१६ सालसम्म उक्त पदमा रही काम गर्नुभयो । त्यसपछि काजी जयप्रतापजंग थापाले सेक्रेटरी पदमा रही काम गर्नु भयो । त्यसताका शिक्षकलाई पारिश्रमिक दिनु निकै बोझिलो काम थियो। त्यस समयमा यहाँका बुद्धिजीवी, देउनिया, व्यापारीहरुलगायत अन्यले ठूलो सहयोग पुर्याएका थिए । यो असजिलो अवस्थाबाट पार लगाउन बडाहाकिम रामनारायण श्रेष्ठको अध्यक्षतामा २०१६ सालमा जिल्लास्तरीय कवि गोष्ठीको आयोजना गरी बुद्धिजीवी, व्यापारी, देउनिया, विद्यार्थी तथा कविहरुलाई बोलाई साहित्यिक भेलाको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा अनारमनीबासीले विद्यालयको शैक्षिक विकासको लागि जग्गा दान दिने घोषणा गरेका थिए। पछि धेरैले विद्यालयको नाममा जग्गा दर्ता गराए, कसैले गराएनन् । अझै धनवीर राजवंशीले दिएको गरामनी-८ (हल्दिवारी-१) को १ विगाह जग्गा दर्ता गर्न बाँकी नै छ । यसरी जग्गा जुटाउने काम र विद्यालयलाई स्वीकृती दिलाउने काममा तत्कालीन प्र.अ. किशोर प्रसाईको ठूलो योगदान छ । उक्त भेलामा भवानी घिमिरे, एस.एल. शर्मा, बसन्तकुमार खड्का, के.बी. कार्की, ऋषिकेश उपाध्याय, केशवराज प्रसाई आदि महत्वपूर्ण व्यक्तिहरुको उपस्थिति थियो ।

यस विद्यालयको विधिवत उद्घाटन वि.सं. २०१६ श्रावण २५ गते आइतवारका दिन झापा गोश्वाराका बडाहाकिम रत्न विक्रमले गर्नु भएको थियो । उक्त अवसरमा उपस्थित अतिथिहरुले सी केशरी प्रसाईको ठूलो प्रशंसा गरेको सो दिन लेखिएको 'भिजिटिर बुक' मा उल्लेख छ । त्यस अवसरमा उपस्थित हुनेहरुमा झापा माल हाकिम सु. माधवप्रसाद, इन्द्रप्रसाद प्रसाई, अञ्जनीकुमार, दलकृष्ण श्रेष्ठ (शनिश्चरे बजार सभापति ने.का.) तथा स्थानीय अभिभावकहरुको ठूलो उपस्थिति थियो । वि.सं. २०१६ मा शिक्षक संख्या ६ र विद्यार्थी संख्या ७२ पुगेको थियो ।

सुरुमा तत्कालीन प्र.अ. किशोर प्रसाईले ठूलो चुनौती पार गर्दै आउनु भयो । उहाँको कार्यकालमा मिडिल स्कूलको रुपमा वि.सं. २०१८ मा स्वीकृति प्राप्त भएको हो । प्रधानमन्त्री किर्तीनिधि विष्ट झापा आउँदा विद्यालय निरीक्षण गराउने काम भयो र रु. १४ हजार एकमुष्ठ रकम विद्यालयले प्राप्त गर्यो । त्यसपछि विद्यालयले केही अनुदान प्राप्त गर्न थालेको हो। यसबाट विद्यालयलाई केही सजिलो भएपनि भएपनि चन्दा उठाएर, मेला लगाएर समेत पैसा उठाई शिक्षकको पारिश्रमिक दिने गरिन्थ्यो । वि.सं. २०२० देखि गाउँ पञ्चायतको प्रधानपञ्च नै विद्यालयको अध्यक्ष हुने भएबाट गाउँ पञ्चायत कार्यालयबाट समेत केही आर्थिक सहयोग हुन थाल्यो । २०२० को सुरुवाट नै प्र.अ. किशोर प्रसाईले राजीनामा दिनु भयो । त्यसपछि दार्जिलिङबाट श्री हस्तमान प्रधानलाई झिकाई प्र.अ. बनाइयो । उहाँले २०२५ सम्म यो पद - सम्हाली काम गर्नु भयो । त्यस समयमा सेक्रेटरी पदमबहादुर खड्का हुनुभयो । उहाँले यो पद २०२६ सम्म कुशलताकासाथ सम्हाल्नु भयो । त्यस समय कक्षा ७ सम्म मात्र पढाइ हुन्थ्यो। वि.सं. २०२१ सालबाट कक्षा ८ सम्म कक्षा सञ्चालन हुन पुग्यो। त्यस समयभित्र निम्न शिक्षक वर्गहरु हुनुहुन्थ्यो। नीरा प्रधान, काशीनाथ झा, कमलाकान्त, हरि उप्रेती, के. बी. मैनाली, सोमनाथ अभय आदि।

पदमबहादुर खड्का सेक्रेटरी भएको समयमा विद्यालयलाई हाईस्कूल बनाउन उहाँकै पहलबाट श्री दाताराम शर्मालाई झिकाई प्र.अ. बनाई २०२६ बाट कक्षा ९ संचालन हुन सुरु भयो । विद्यालयले स्वीकृति भने २०३० मा मात्र प्राप्त गर्यो । पहिला यो विद्यालयबाट एसएलसीमा सामेल विद्यार्थीहरु १० जना मात्र थिए । त्यसमा उद्धव प्रसाई र कपिलमणि प्रसाईले एस. एल. सी. उत्तीर्ण गरे । २०२८ बाट देशमा नयाँ शिक्षा लागू भयो । २०२९ को एस. एल. सी. मा अनिलचन्द्र प्रधानले बोर्ड थर्ड गरी विद्यालयको नामलाई अझ बढाए । नयाँ शिक्षा योजना संगसँगै शिक्षक दरबन्दीको व्यवस्था भयो । विद्यालयप्रतिको उत्तरदायित्व सरकारले निर्वाह गर्नुपर्ने भएबाट तलव चन्दा उठाएर दिने कुरा सकियो। शिक्षक नियुक्ति गर्ने, बढुवा गर्ने, अवकाश दिने र सरुवा गर्ने काम जिल्ला शिक्षा कार्यालयको हुन थाल्यो । त्यसपछि विद्यार्थी संख्या पनि क्रमशः बढ्दै गयो । भौतिक संरचना थपिन पुगे । गाउँ पञ्चायतको सहयोगमा विद्यालयको खेलमैदानको उत्तरपट्टि ४ कोठे एक तले भवन निर्माण गरियो । यो भवन जीर्ण भई ढल्ने अवस्थामा पुगेको हुँदा त्यसलाई हटाइयो । त्यस भवनको केही उत्तरपट्टि २०६४/३/५ मा कृष्णबहादुर दाहालको बाहुलीबाट नयाँ भवनको शिलान्यास गरियो । उहाँले यो भवन निर्माण गर्न आफ्नी अर्धाङ्गीनीको पुण्य स्मृतिमा रु. ५० हजार दिनुभएको थियो । यो १० कोठाको दुई तले भवनको रुपमा अवस्थित छ । २०६८/६/७ गते जिल्ला शिक्षा अधिकारी लक्ष्मीप्रसाद भट्टराईको बाहुलीबाट यस भवनको समुद्घाटन सम्पन्न भएको छ।

नयाँ शिक्षाको सुरुवात सँगै शिक्षकहरुलाई तालिम दिने सरकारले व्यवस्था गर्यो । २०३० मा प्र.अ. दाताराम शर्मा बीएड गर्न जाँदा बीएस्सी शिक्षक कृष्णप्रसाद सिटौला (पूर्व गृहमन्त्री) लाई निमित्त दिई जानुभयो। त्यस समयमा उहाँ खेलकुद शिक्षकको रुपमा आफै खटिने हुँदा विद्यार्थीहरुले खेलकुद, साहित्य विधामा निकै ठूलो तरक्की गरेका थिए । त्यसको प्रभाव विद्यालयमा धेरै दिनसम्म रह्यो । उहाँले अभिभावक, शिक्षक, विद्यार्थीको मन जित्नु भएको थियो। विद्यालयमा उहाँको प्रभाव राम्रो थियो। यसै क्रममा प्र.अ. दाताराम शर्मा बीएड. तालिम पूरा गरी स्कूल फर्कनु भयो । त्यस पछि प्र.अ. दाताराम तथा सिटौलाबीच केही खटपट भएको थियो। यही कारणबाट कृष्ण सिटौला, सुधिर शिवाकोटी, देवीराम शर्मा, हरिकृष्ण शाक्य, हरि ढुगेललगायतका शिक्षक अन्यत्र जानु भयो । त्यसताका जिल्ला शिक्षा कार्यालयमा प्र.अ. दाताराम शर्माको ठूलो प्रभाव थियो । उहाँ विद्यालयमा दरबन्दी थप गरी ल्याउने काममा सबैभन्दा अघि हुनुहुन्थ्यो । उहाँको कार्यकालमा विद्यालयमा मा.वि. दरवन्दीमा १२, नि.मा.वि.मा ८ र प्रा.वि.मा १९ वटा दरबन्दी थपियो । २०२९ देखि २०३३ सम्म विद्यालयका अध्यक्ष भई राजेश खड्काले काम गर्नु भयो। यस समयमा भौतिक निर्माण कार्यमा तेजप्रकाश संग्रौला, रुद्र प्रसाईले ठूलो सहयोग पुर्याउनु भएको थियो ।

राजेश खड्कापछि लोकबन्धु कार्की अध्यक्ष बन्नु भयो। देशको राजनीतिक अवस्था राम्रो थिएन । विद्यार्थीको चाप दिन प्रतिदिन बढ्दै गयो । भइरहेको भौतिक संरचनाले नभ्याउने भयो । यसै क्रममा क्या. धनबहादुर घलेले धरान घोपा क्याम्पमा गई हस्तमान प्रधानका दाजु श्री कर्णबहादुर प्रधानसँग सम्पर्क राखी आर्थिक सहयोग जुटाउन ठूलो भूमिका निर्वाह गर्नुभएको थियो । उहाँकै प्रयासबाट "क्यानेडियन ट्रष्ट" ले यस विद्यालयलाई रु. १ लाख २० हजार प्रदान गर्यो । शिवालयको पश्चिमपट्टि दुई तले भवन निर्माण हुन पुग्यो । यस भवनमा अन्य जनसमुदायको पनि ठूलो सहयोग छ । चन्द्रप्रसाद बजगाईंले एक कोठा भवन निर्माण गरिदिनु भएको छ। अन्य चन्दादाताहरुको नाम उक्त भवनको भित्तामा शिलालेखमा अंकित छ । उक्त भवनको शिलान्यास स्रोत भवन अगाडि राजसभाका सभापति वृ.ज. भूपालमानसिंह कार्कीले २०३४/१२/२१ गते सोमबार विहान ९ बजे गर्नुभएको थियो। पूर्व प्र.अ. श्री दाताराम शर्माको यस विद्यालयप्रतिको योगदान महत्वपूर्ण छ। उहाँको आगमनसँगै विद्यालयलाई हाईस्कूलमा परिणत गर्ने काम भएको हो । २०२६ देखि २०४९ सम्मको लामो अवधिमा उहाँले धेरै राजनीतिक उतारचढावलाई पन्छाउँदै विद्यालयको भौतिक, शैक्षिक अवस्थालाई बलियो र सुदृढ बनाउनुभयो । आफ्नो पदीय दायित्वलाई कहिल्यै कुल्चनु भएन । विद्यालयको अनुशासन कायम राख्न सधै अग्रसर रहनुभयो । आफ्नो पदीय दायित्वसँग कोही कसैसँग झुक्नु र सम्झौता गर्नु भएन । विद्यालयभित्रका जे जस्ता कमजोरी भएपनि शिक्षकको बचावटको लागि बाह्य शक्तिसँग प्रतिवाद गर्दै जानु भयो । उहाँको विद्यालयप्रतिको देन अविस्मरणीय छ । उहाँको कार्यकालमा क्याम्पस निर्माण गर्ने समिति निर्माण भएपनि उक्त कार्यमा भने सफल हुन सक्नु भएन । उहाँका कार्यकालमा निर्माण भएका भौतिक संरचना धेरै भए पनि शिवालय पश्चिमपट्टिको दुई तले भवन, स्रोत भवन, पालेघर अफिस आदि छन् । उहाँको कार्यकालमा २०४०-२०४९ सम्म नगेन्द्र पाठक अध्यक्ष भई प्रत्यक्ष सहयोग गरेपनि त्योभन्दा अघिको कार्यकालमा समेत पाठक ज्यूको विद्यालयप्रति उल्लेख्य योगदान रहेको छ ।

वि.सं. २०४९ सालमा दाताराम शर्माको अवकासपछि श्री लवप्रसाद ओली प्र.अ. को नियुक्ति लिई विद्यालय प्रवेश गर्नु भयो। उहाँको १० वर्षे कार्यकालमा भूकम्प प्रतिरोधक ब्लक ल्याई कक्षा कोठा निर्माण गर्ने र विद्यालय हाताको पूर्व र उत्तरपट्टि १० इन्चको ७ फूट अग्ला पर्खाल लगाउने काम भएको हो। राजनैतिक द्वन्द्वको पीडाको कारण उहाँले २०५८ मा राजीनामा दिई पद त्याग गर्नुभयो ।

वि.सं. २०५९ मा लवप्रसाद ओलीको राजीनामापछि श्री हस्तमान प्रधानले करिव एक वर्ष प्रशासन सञ्चालन गरी अवकाश प्राप्त गर्नुभयो । उहाँको कार्यकालमा भौतिक संरचना खासै निर्माण नभएतापनि उहाँको विद्यालयप्रतिको योगदान अविस्मरणीय छ । कहिले प्र.अ., कहिले शिक्षक पदमा रही ३८ वर्षे आफ्नो कार्यकालमा अतिरिक्त क्रियाकलाप, खेलकुद, विद्यार्थीलाई अनुशासनमा राख्ने काममा र विद्यालय प्रशासनलाई सघाउने काममा सधै क्रियाशील हुनुहुन्थ्यो । उहाँको अन्तिम कार्यकालमा क्रान्तिकारी विद्यार्थी बीच फीसको विषयमा भएको गडवडीलाई निवर्तमान संस्कृति मन्त्री श्री खगेन्द्र प्रसाईको सहयोगमा शान्त बनाइएको थियो । त्यही समय मिति २०५९/७/१४ गते विद्यालय व्यवस्थापन समिति गठन भयो। जसको अध्यक्ष लोकबन्धु कन्दङ्वा हुनुभयो । २०५९ मा श्री हस्तमान प्रधानले अवकास प्राप्त गर्नुभयो । त्यसपछिको असहज परिस्थितिमा अन्य अग्रज साथीहरु हुँदाहुँदै ०५९/८/१६ गतेदेखि मैले प्र.अ.को जिम्मा लिनु पऱ्यो । त्यस समयमा राजनीतिक द्वन्द्वले देशमा उग्र रुप लिइसकेको थियो । यस्तो अवस्थामा प्र.अ. भई विद्यालय संचालन गर्नु तनावपूर्ण मात्र थिएन, जोखिमपूर्ण पनि थियो । यस्तो असन्तुलित परिस्थितिमा लोकबन्धुजस्तो अध्यक्ष पाउँदा मलाई विद्यालय संचालनमा केही सहज भयो । क्रान्तिकारी विद्यार्थीको प्रभाव केही रह्यो । यस प्रकार २ वर्षको समितिको कार्यकाल पनि समाप्त भयो। समिति फेरि गठन हुने भयो। निर्वाचन भयो, मिति २०६१/११/१७ गते दोम्रो पटक अध्यक्षमा लोकबन्धु नै निर्वाचित हुनुभयो। अव यस विद्यालयको विकासको लागि केही गर्नुपर्छ भन्ने अध्यक्षको भावना थियो । शैक्षिक विकासका लागि (१०+२) संचालन गर्ने निर्णय मिति २०६२/०९/१० गते गरी कार्यक्रमलाई अगाडि बढाइयो । सोही अनुसार अर्थ संकलनको कार्यक्रमहरु संचालन हुँदै गए। उमाशिपसँग सम्पर्क गरी कक्षा ११ को संचालनका लागि अनुमति माग्ने काम भयो। आवेदन पत्र पेश गरियो, सम्वन्धन प्राप्त गर्न रु. ४ लाख धरौटी राख्नु पर्ने भयो। विद्यालयसँग यत्रो रकम थिएन। तुरुन्त अभिभावक भेला बोलाउने निर्णय गरियो । चन्दा संकलनको लागि विभिन्न वार्डमा समिति गठन गर्ने निर्णय मिति २०६३/२/१६ गतेको भेलाले गर्यो। जसको अध्यक्ष लोकबन्धु कन्दङ्वा हुनुहुन्थ्यो । शिक्षक कर्मचारी वर्गले समेत आर्थिक सहयोग दिई ठूलो सहयोग पुऱ्याउनु भएको थियो । यसप्रकार उहाँहरु सबैले उत्साहकासाथ चन्दा संकलनको काम गर्नु भयो। यो कार्यक्रम केही महिनासम्म चल्दै गयो। उता उमाशिपबाट २०६३ मा सम्बन्धन प्राप्त गरी बिहानी सत्रमा कक्षा ११ संचालन हुन थाल्यो। शिक्षकहरुको नियुक्ति भयो । पहिलो वर्ष २०६३ मा विद्यार्थी संख्या १११ थियो । दोम्रो वर्ष २११ र तेम्रो वर्ष ३१५ सम्म पुगेको थियो । तत्कालीन अवस्थामा अध्यक्ष आफैले संयोजकको पद सम्हाली पठनपाठन कार्यमा लाग्नु भएको अवस्थामा भने विद्यालय व्यवस्थापन समिति र जि.शि. का. सँगको सम्बन्ध शिक्षकको नियुक्ति, पदस्थापन र सरुवाको विषयलाई लिएर केही चिसिएको थियो। यसक्रममा विद्यालय व्यवस्थापन समितिको सहमतिबिना विद्यालयलाई जानकारी नै नदिई अंग्रेजी शिक्षिका मैया निरौलालाई जि.शि.का. झापाले सरुवा गरी पठायो। यसबाट विद्यालयभित्र समेत असामान्य परिस्थिति उत्पन्न भयो। यसबाट विद्यालय व्यवस्थापन समितिले आफ्नो अधिकारमाथिको आक्रमण भएको ठानी तत्काल समितिको बैठक डाक्यो । मिति २०६३/८/४ गते समिति विघटन भयो । उक्त बैठकमा यस्तो परिस्थितिमा समिति विघटन हुनु ठीक छैन भनी नोट अफ डिसेन्ट मैले लेखेको थिएँ। यसप्रकार समिति विघटित परिस्थितिले विद्यालयको अवस्था तनावपूर्ण रह्यो। यस्तो प्रतिकूल अवस्थामा पनि मैले धैर्यताका साथ काम गर्दै अघि बढे । तत्काल नयाँ समिति गठन गर्ने परिस्थिति नै थिएन । एक बर्षभन्दा बढी समय विद्यालय व्यवस्थापन रहीत रह्यो। यस समयमा राजनीतिक दल, बुद्धिजीवी तथा अभिभावकहरुबाट सहयोग समिति गठन भयो । त्यसैको राय, सल्लाह, सुझाव अनुसार विद्यालय सञ्चालन हुँदै आयो । जिशिकासँगको सम्बन्धलाई सुधार गरियो । जिशिकाबाट पनि विद्यालयको असजिलो परिस्थितिलाई बुझी मिति २०६५/२/२६ गते ठगबहादुर खड्काको अध्यक्षतामा सर्वपक्षीय समिति गठन गरियो। यसरी निर्माण भएको समितिले विद्यालयको विकास क्रमलाई सक्रियताका साथ अघि बढायो। विद्यालयको भौतिक पूर्वाधार तयार गर्ने र निर्माण गर्ने काममा जुट्यो । चन्दा दिने कार्यलाई अगाडि वढायो। जिशिका झापाबाट लागत साझेदारी अनुदानबाट ७ लाख ४५ हजार प्राप्त गर्यो तर, यो रकम निर्माण भइरहेको भवनमा खर्च गर्न नपाइने भयो। शिक्षा विभागको डिजाइन र नक्सा अनुसार बनाउनु पर्ने बाध्यता भयो। त्यसले २०६५ मा गएर अर्को निर्माण समिति बन्यो। समितिको संयोजक सन्तकुमार श्रेष्ठ सदस्यहरुमा मनिका माझी, अमृत बुढाथोकी र मनबहादुर पाहिम हुनुहुन्थ्यो। यस प्रकार विद्यालयलाई एउटा भवन पूरा नगर्दै अर्को भवन निर्माण गर्नु परेबाट आर्थिक संकटले घेर्यो । यसबाट सफलता पाउन अध्यक्ष ठगबहादुर खड्का, समितिका सदस्यहरु र निर्माण समितिका संयोजक कपिल शिवाकोटीले ठूलो भूमिका निर्वाह गर्नुभयो । अध्यक्ष खड्का आफैले मेहरमान प्रतिष्ठानको तर्फबाट रु. १ लाख चन्दा दिई चन्दा संकलनको कार्य अघि बढाउनु भयो । जिल्लाको सांसदसँग सम्पर्क राखी सांसद कोषबाट चन्दा जुटाउने काम भयो । तत्कालीन दान गर्ने दाताहरुको सूची अभिलेखमा रहेको छ ।

यसरी चन्दा संकलन भई ४ कोठे दुई तले भवन २०६६ असार मसान्तभित्र सम्पन्न भयो। अर्को १० कोठे भवनको निर्माण भने एक बर्षसम्म स्थगन हुन पुग्यो। त्यसपछि पनि आर्थिक संकलनको काम अघि बढौनै रह्यो । उच्च मा.वि. को ग्राण्ड अनुदान कार्यक्रमअन्तर्गत विद्यालयले दोम्रो पटक शिक्षा कार्यालयबाट ७ लाख रुपैयाँ प्राप्त गर्यो । यस प्रकार अभिभावक, संघ संस्थाहरुबाट सहानुभूति बटुल्न सफल भएको थियो र १० कोठे भवनको कार्यलाई २०६७ देखि अगाडि बढाइयो। उक्त भवन निर्माण सम्पन्न भएको छ । यसरी काम गर्दै आएको वि.व्य.स. को म्याद समाप्त भई मिति २०६८/०६/०७ गतेबाट विधिवत विघटन हुन पुगेको छ । २०५९ देखि २०६८ सालसम्मको मेरो कार्यकालमा स्रोतव्यक्ति इन्द्रबहादुर मुखिया लगायत वि.व्य.स.ले शिक्षक नियुक्ति गर्ने, पदस्थापन गर्ने कामदेखि लिएर भौतिक निर्माण गर्ने काममा ठूलो सहयोग गर्दै आएको थियो । शिलालेख निर्माण गर्ने, १० कोठे भुँईतले भवनको निर्माण, ४ कोठे दुईतले भवनको निर्माण, गोलघरको निर्माण, नयाँ स्टेजको निर्माण, साइकल स्टेण्ड निर्माण गर्ने काम भएको छ। विद्यालयको बीच भागको जीर्ण ७ कोठे टिनको छाना भएको भवन र उत्तरपट्टिको जीर्ण ७ कोठे पक्की भवन हटाई खेलमैदानलाई खुल्ला र फराकिलो बनाइएको छ । विद्यालयको पूर्वउत्तर कुनामा मेरो व्यक्तिगत खर्चबाट सरस्वतीको मन्दिर निर्माण गर्ने काम भएको छ। मिति २०६८/०६/०७ समेत गरी ३ पटक अभिभावक, बुद्धिजीवी, चन्दादाता, जग्गादाता, पूर्व विद्यार्थी, शिक्षकहरुलाई सम्मान गर्ने काम भएको छ। मानिसले गर्न चाह्यो भने असम्भव केही छैन तर त्यसको लागि इमान्दारिकासाथ निरन्तर लागिरहनुपर्छ भन्ने ज्ञान मेरो कार्यकालको अनुभवबाट प्राप्त भएको छ ।(महेन्द्ररत्न माविको स्मारिका विद्यामणिमा प्रकाशित पूर्व प्रअ देवेन्द्र गौतमको लेखको केही सम्पादित अंश प्रस्तुत गरिएको हो ।)

संक्षिप्तमा महेन्द्र रत्न मावि

• राजकुमार पोखरेल

गाँस , बास , कपास र तुलनात्मक रुपमा सहज जीवनका लागि पहाड छोडेका मानिसहरुका लागि राजवंशी बाहुल क्षेत्र आन्धारमनी बसोबासका लागि रोजाईमा पर्न गयो । रानीको नाममा बिर्तामा परिणत हुँदा आन्धारमनी अनारमनी बिर्ता बन्न पुग्यो ।आन्धारमनी रहँदा राजवंशी , धिमाल , चौधरी र सन्थाल जातिहरुको बसोबास रहेको थियो । राणा सरकारको पहुँच पुग्न सुरु भएपछि जंगल फडानी सुरु भयो । काठमाण्डौ उपत्यकाका साथै धनकुटा र मोरङबाट आएका सरकारी कर्मचारी बसोबास गर्न थाले । सरकारी कर्मचारीसंग सम्पर्क भएका मानिसहरुका साथै जंगल फडानी गरेको ठाउँमा बसोबास गर्न पाईने भएकाले पहाडका जिल्लाहरुका साथै भारतको आसाम पसेका पहाडी मुलका मानिसहरु पनि बसोबासका लागि आन्धारमनी आए ।क्षेत्री,ब्राम्हण,मगर,तामाङ,नेवारका साथै बिहारबाट बिहारी मुलका मानिसहरु जसलाई बनियाँ भन्ने गरिन्थ्यो; उनीहरु र राजस्थानबाट मारवाडी मुलका मानिसहरु पनि व्यापार व्यवसाय गर्न आए र बसोबास नै गरे । मिश्रित समाजको निर्माणसंगै आन्धारमनी अनारमनी बन्न पुग्यो । मण्डावारी , मखनवारी , सातानुवार ी,कचुवारी,भाजिखुवावारी आदि वारी नै वारी रहेको गाउँलाई बस्तीका साथै बजार बसाउने कामको नेतृत्व भुपालमान सिंह कार्कीले गर्नु भएको भनेर अग्रजहरुबाट मैले सुनेको हो । राणा सरकारको प्रतिनिधि बनेर आए पनि अनारमनी बजारको स्थापना र विकासमा उहाँको महत्वपूर्ण भूमिका रहेको पाईन्छ । त्यसबेला यो पुरै क्षेत्रमा डाकाहरुले आतंक मच्चाएका थिए । त्यसको उन्मूलन गर्ने काम पनि उहाँले नै गर्नु भएको थियो । शान्ति सुरक्षाको प्रत्याभूतिले मात्र बस्ती विकासलाई टेवा नपुग्ने रहेछ । त्यसैले भुपालमान सिंहकै अगुवाईमा अनारमनीमा पहिलो पाठशालाको सुरुवात भयो । जसलाई बि.सं. २०१४ सालमा श्री महेन्द्र रत्न नामकरण गरेर विद्यालयको स्वरुप दिने काम भने समाजवादी चिन्तक स्वर्गीय सिके प्रसाईं(भरत बाबु) ले गर्नु भएको थियो। पहिलो विद्यार्थीको रुपमा पढाई थाल्ने अग्रज दाई भूपेन्द्र कुमार सिंह राजवंशीका अनुसार , उहाँ , उहाँकी दिदी सूर्यमणी राजवंशी , भोजकुमारी मैनाली , पदम दाहाल , युवराज थापा , तेत्रा चौधरी , सुकदेव चौधरी , हरि चौधरी , रमानन्द शाह आदि पहिलो विद्यार्थी हुन् । उहाँहरुको पढ्ने थलो दुर्गा पुस्तकालय हुने गर्थ्यो । बिहारबाट आउनु भएका नित्यानन्द झा सर र एकजना अर्को बिहारी बुढो सरले उहाँहरुलाई पढाउने गर्नु हुन्थ्यो ।

बिर्ताबजारको दुर्गा मन्दिरको तलतिर बिर्तामोड नगरपालिकाको वडा नं ३ को कार्यालय अहिले रहेको छ । त्यस ठाउँमा २०१४ सालअघि नै दुर्गा पुस्तकालय रहेको थियो । मैले आफैंले पनि टिनको छाना भएको त्यो पक्की पुस्तकालय भवन देखेको थिएँ ।त्यो पुस्कालयमा पनि भुपालमान सिंह कार्कीकै योगदान थियो । दुर्गा मन्दिरको निर्माण , संरक्षण र सञ्चालनको लागि डोमालाल राजवंशीसंग जग्गा दान मागेर दुर्गा गुठी राख्ने काम पनि भुपालमान सिंह कार्कीले नै गर्नु भएको थियो । भुपालमान सिंह कार्कीकै अनुरोधमा मेरो हजुरबुवा त्रिलोचन पोखरेलले अहिले नवनिर्मित दुर्गा मन्दिर रहेको ठाउँमा पक्की धर्मशाला निर्माण गरिदिनुभएको थियो । यिनै भुपालमान सिंह कार्कीकै अनुरोधमा बजारको बिचमा रहेको दुर्गा पुस्तकालयबाट अहिले विद्यालयको पूर्वदक्षिण कुनामा रहेको क्यान्टिनदेखि पश्चिमपट्टि उत्तर फर्केको खरको छाना भएको घर विद्यार्थी पढ्नका लागि सतानुसिंह राजवंशीले बनाएर दिनु भएको थियो । जहाँ विद्यार्थीलाई पढाउने गरिन्थ्यो भनेर भुपेन्द्र कुमार सिंह राजवंशी भन्नु हुन्छ । उहाँहरु पढ्दा परीक्षा दिएर कक्षा उत्तीर्ण हुनेभन्दा पनि सरहरुले कुन कक्षामा को पढ्ने भन्ने औलाले देखाएर भन्ने चलन थियो रे ।

अग्रज दाई मोहन ढकालका अनुसार उहाँले २०१४ देखि पढ्न सुरु गर्दा खरकै छाना भएको विद्यालय थियो । सिके प्रसाईंले आफ्ना मुवाहरु रुद्र कुमारी,पदमकुमारी प्रसाईंको नामबाट आफ्ना पिता लप्टन देवीप्रसाद प्रसाईंको स्मृतिमा ईटाको गारो र टिनको छाना भएको पक्की विद्यालय भवन बनाई दिनु भएको थियो । जुन भवनबाट पढेर २०३५ सालमा मैले एस. एल. सी. उत्तीर्ण गरेको थिएँ । भुपेन्द्र दाई, मोहन दाईका अनुसार कक्षामा नै सरहरुले खैनी बिडीं खाने चलनका साथै राष्ट्रगान गाउँदा भारतको राष्ट्रगान गाउने चलन थियो । हिन्दीभाषी सरहरुले पढाएका हुनाले हिन्दी बोल्न सिक्नुका साथै हमारा देशका प्रधानमन्त्री कौन है भन्दा जवाहरलाल नेहरु भनेर जवाफ दिने गरेको रमाईलो कथन उहाँहरु सुनाउनु हुन्छ । विद्यार्थीहरुलाई सही मार्ग निर्देशनका लागि भवन मात्र होईन, नेपालीभाषी शिक्षकहरुको आवश्यकता भरत बाबुले महसुस गर्नु भयो । उहाँकै पहलमा किशोर प्रसाईं महेन्द्र रत्न माविको पहिलो प्रधानाध्यापक बन्नु भयो । रेवा खड्का , हस्तमान प्रधान , निरा प्रधान , खड्गबहादुर मैनाली , रुद्र प्रसाई आदि नेपालीभाषी शिक्षकहरुले सुरुवातका दिनमा अध्यापन सेवा प्रदान गर्नु भएको थियो ।

बि.सं. २०२४ सालमा शिशु कक्षामा भर्ना भएपछि मलाई हस्तमान प्रधान , निरा प्रधान , खड्गबहादुर मैनाली , लालबहादुर , सुकदेव चौधरी , मुकुन्दप्रसाद पौड्याल , रामप्रसाद पौड्याल, हरि ढुङ्गेल सरहरुले पढाउनु भयो । म दुई कक्षामा पढ्दा दाताराम शर्मा प्रधानाध्यापक भएर आउनु भएको हो । मैले थाहा पाउँदा रेवासर र रुद्रसरले पढाउन छोड्नु भएको थियो ।ब्रजनन्दन झा, कृष्णप्रसाद सिटौला, सुधिरकुमार शिवाकोटी, देवेन्द्र गौतम, बिष्णुकुमार भट्टराई, जयनारायण ढुङ्गाना, टेकनाथ न्यौपाने, डिल्लीमाया सिटौला, खेम कोईराला, डेभिड आचार्य,राजकिशोर मण्डलसरले मलाई पढाउनु भयो । लिला निरौला, तेजप्रसाद प्रसाईं , तेजप्रसाद संग्रौला, भिष्म उप्रेती, लखन राजवंशी , कपिलमणी प्रसाईं, मोहन पौड्याल, लक्ष्मण ढकाल, राधिका खड्का, आदि गुरु , गुरुआमाहरुले म अध्ययनरत रहेका बेला विद्यालयमा पढाईरहनु भएको थियो । कति गुरु र गुरुआमा अब यस धर्तीमा हुनुहुन्न । उहाँहरुको आत्माको चीर शान्तिको कामना ।

बि. सं. २०२७ सालमा माध्यमिक विद्यालय बनी पहिलो पटक यस विद्यालयका विद्यार्थी एस.एल.सी. परीक्षामा समावेश भएका थिए । गरामनीको अहिलेको दुर्गा मावि र महेन्द्र रत्नमा कुनै एक विद्यालय माध्यमिक विद्यालय बन्ने दौडमा रहेका थिए। यसमा महेन्द्र रत्न पहिलो माध्यमिक विद्यालय बन्न सफल भएको थियो । यस विद्यालयमा बि. सं. २०६३ सालदेखि कक्षा ११ र १२ को पढाई सुरु भएको थियो ।

आजसम्म यस विद्यालयबाट अध्ययन गरेर गएका धेरै विद्यार्थी सामाजिक र राष्ट्रिय जीवनमा उपल्लो तहमा पुग्न सफल भएका छन् । साहित्य , पत्रकारिता, प्रशासनिक , न्याय सेवा , खेलकुद , गीत संगीत , कलाकारितादेखि विख्यात चिकित्सक र ईञ्जिनियरसम्म यस विद्यालयबाट पढेर गएका विद्यार्थी बनेका छन् । ईतिहासको कुनै कालखण्डमा एस. एल. सी. बोर्ड तेम्रो बन्न यसै विद्यालयका अनिलचन्द्र प्रधानले सफलता पाएका थिए । खेलकुदमा बसन्त प्रसाईं र मैंया प्रसाईंले राष्ट्रिय तक्मा र ट्रफी जितेका थिए । यस विद्यालयका पूर्व विद्यार्थीहरु अझ कतिले गौरवशाली कामहरु गर्नु भएको होला । हामीले त्यसलाई अभिलेखीकरण गर्न सकेका छैनौं।

महेन्द्र रत्न माविको बिगत र वर्तमान गौरवशाली रहेको छ । यसलाई लिपिबद्ध गर्ने काम गर्न जरुरी छ । त्यसबाट पाठ सिक्ने र उद्धेश्य र लक्ष्य निर्धारण गर्न सजिलो हुन जान्छ । वर्तमानमा रहेको यसको अवस्थालाई मूल्यांकन गर्ने । अनि भविष्यमा यस विद्यालयलाई कस्तो बनाउने भन्ने लक्ष्य तय गर्न जरुरी छ । यसका लागि विद्यालय परिवार त लागिपरेकै छ । त्यसमा होस्टेमा हैसें गर्ने दायित्व पूर्व विद्यार्थीहरुको पनि हुने रहेछ । मानिसलाई आफ्नो बाल्यकाल सबैभन्दा प्रिय हुने रहेछ । हाम्रो बाल्यकाल विद्यालयका साथीहरुसंग नै बितेको हुँदो रहेछ । त्यसैले बाल्यकालका साथीहरुसंगको पुनर्मिलन र आफूले पढेको विद्यालयको गुण तिर्नका लागि पनि पूर्व विद्यार्थीहरु एक ठाउँमा जम्मा हुन जरुरी रहेछ । आफूले पढेको विद्यालयमा आफ्ना ती विद्यार्थीकालका साथीहरुलाई ढल्दो उमेरमा भेट्दाको आनन्द बयान गरिनसक्नु हुने रहेछ । यसैलाई मध्यनजर गरेर हामी२०३५ /३६ सालका साथीहरु जमघट हुने गर्थ्यौं । अरु व्याचका साथीहरु पनि जमघट गर्नु हुँदो रहेछ । छुट्टाछुट्टै भेला हुनुभन्दा पूर्व विद्यार्थी समाज बनाउन विद्यालयका प्रधानाध्यापक खड्गप्रसाद खरेल, सरहरु नेत्र खरेल , भोजराज दाहाल र युवराज कट्टेलसरले सुझाव दिनु भयो ।

बि. सं . २०७९ मंसिरमा भूतपूर्व विद्यार्थी समाज महेन्द्र रत्न मावि विधिवत गठन भएको छ । पूर्व विद्यार्थीहरुलाई एकआपसमा चिनजान गराउनुका साथै एक ठाउँमा बस्ने अवसर यस समाजले प्रदान गरेको छ । जुन आफैंमा एउटा शक्ति हो भन्ने लाग्दछ । जसको माध्यमबाट आपसी भाईचाराको विकासका साथै सामाजिक दायित्व र विद्यालयप्रतिको दायित्व निर्वाह गर्न सजिलो हुने छ । महेन्द्र रत्न मावि अनारमनी बिर्ताबजारका सम्पूर्ण पूर्व विद्यार्थीहरुलाई यस समाजमा जोडिन हार्दिक अनुरोध पनि गर्न चाहन्छु । यो समाज दुई चार जनाको मात्र नभएर समग्र पूर्व विद्यार्थीहरुको समाज हो । हामी सबै एक ठाउँ उभिन सकौं भनेर अपिल पनि गर्न चाहन्छु । हाम्रो विद्यालयको भैतिक स्तर उन्नति, शैक्षिक गुणस्तर बृद्धि , खेलकुद र अतिरिक्त क्रियाकलापका साथै सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने विद्यार्थी उत्पादन गर्ने विद्यालय बनाउन पनि हामी पूर्व विद्यार्थीको एक ठाउँमा उभिन सकौं । अन्त्यमा विद्यालयको ६६ औं बार्षिक उत्सवको सफलताको शुभकामना ।

(पोखरेल भूतपूर्व विद्यार्थी समाज महेन्द्र रत्न माविका अध्यक्ष हुन् ।)

सहकारी संघको साधारणसभामा उत्कृष्ट सम्मानित

झापा(प्रस) । सहकारी संस्थाहरुको छाता संगठन झापा जिल्ला सहकारी संघ लिमिटेडको २७औं वार्षिक साधारणसभा बुधवार बिर्तामोडमा सम्पन्न भएको छ ।

जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालको अध्यक्षतामा आयोजित साधारणसभाको उद्घाटन समारोहमा उनले सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९/०८० को असार मसान्तसम्ममा ४९२ संघ-संस्थाहरु जिल्ला संघमा आवद्ध रहेको जानकारी दिए ।

संस्थाको शेयर पुँजी ३ करोड ८९ लाख २३ हजार १०० रुपैयाँ रहेको छ भने संस्थाको कोष हिसाब ७ करोड ८५ लाख ९८ हजार ७४१ रुपैयाँ, निक्षेप १९ करोड ९१ लाख ७८ हजार २३० रुपैयाँ र कर्जा लगानी १८ करोड ४५ लाख ८१ हजार १५५ रुपैयाँ रहेको अध्यक्षको प्रतिवेदनमा उल्लेख छ ।भद्रपुरमा ३ कठ्ठा १८ धुर र बिर्तामोडमा १ विगाहा ४ कठ्ठा १ दशमलव ७५ धुर गरी संस्थाको नाममा करिव ७ करोड ५० रुपैयाँ बराबरको जमिन रहेको अध्यक्ष ढकालद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

कोशी प्रदेश सभाका सांसद तथा पूर्वमन्त्री एकराज कार्कीको प्रमुख आतिथ्यमा आयोजित साधारणसभा समारोहमा उनले सहकारीहरुले सरकारको भन्दा राम्रो काम गरेको भन्दै प्रशंसा गरेका थिए ।

झापा जिल्लाको आधा जनसंख्या सहकारी अभियानमा कुनै न कुनै रुपमा जोडिएको प्रतिवेदनमा उल्लेख छ तर अधिकांशले बचत तथा ऋणको कारोबारमा ध्यान दिएकाले उत्पादनको क्षेत्रमा पनि ध्यान दिन उनले आग्रह गरे ।सहकारी, लघुवित्त र बैंकको भूमिका र अर्थ नै नबुझेका मानिसहरु यसका विरुद्धमा लागेको पाउँदा आफूलाई दुःख लागेको भन्दै सांसद कार्कीले सदस्यको रकमले सञ्चालन गरिने सहकारीको ऋण नतिर्न उर्दी गर्नुले यसको पुष्टि गरेको बताए ।

सञ्चालक र कर्मचारीहरुको बदमासीले कतिपय सहकारीले बचतकर्ताको सावाँ फिर्ता गर्न र ब्याज बुझाउन नसकेर समस्यामा रहेको अर्थ्याउँदै प्रदेश सांसद कार्कीले नेपालमा नै उत्पादन हुने वस्तुहरुमा परनिर्भरताका कारण हामी कमजोर बनिरहेको प्रष्ट पारेका थिए ।

साधारणसभा समारोहमा नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत एवम् राष्ट्रिय सहकारी बैंकका लेखा सुपरीवेक्षण समितिका संयोजक लक्ष्मीप्रसाद उप्रेतीले अध्यक्ष ढकालद्वारा प्रस्तुत गरेको प्रतिवेदनका केही तथ्याङ्कहरु माथि प्रमाणिकता खोजेका थिए ।

नेपालको अर्थतन्त्रमा सहकारी अभियानको योगदान, रोजगारी प्रदानको तथ्याङ्क, गरिबी न्यूनीकरण एवम् आर्थिक क्षेत्रमा सहकारीको योगदानको सही तथ्य र विश्लेषण आउन नसकेकाले कम्तीमा जिल्ला संघको नेतृत्वमा झापाको रिपोर्ट तयार गर्नुपर्नेमा उप्रेतीले जोड दिए ।

सहकारी क्षेत्रमा उत्पन्न हालको समस्या अल्पकालीनमात्र भएको निश्कर्ष निकाल्दै सहकारी अभियन्ता उप्रेतीले आफूलाई सहकारीकर्मी हुँ भनी चिनाउन शीर निहुराउनु पर्ने अवस्था नआउने विश्वास पनि दिलाए ।

जिल्ला संघका वरिष्ठ उपाध्यक्ष महेन्द्रकुमार गिरीले स्वागत गर्दै सहकारीमा विद्यमान संक्रमणकालबाट बचाउन जिल्ला संघले अभिभावकको भूमिका खेल्न अग्रसर रहेको भनी आश्वस्त पारेका थिए ।

जिल्ला संघका सचिव भवानीप्रसाद दंगालले सञ्चालन गरेको साधारणसभा समारोहमा संघका सल्लाहकार दुर्गाप्रसाद सापकोटाले मेचीदेखि महाकालीसम्मका सहकारीहरुमाथि हिलो छ्यापिँदा नीति निर्माताहरु किन मौन बसिरहेका भनी प्रश्न गरेका थिए ।

'बैंक, फाइनान्स, सहकारी र लघुवित्त सबैलाई एउटै डोकोमा राखेर थिनका विरुद्ध भाँडभैलो गर्ने छुट किन दिइँदैछ । अनि यस्ता वितण्डावादीहरुलाई सहकारीकर्मीहरु भेला भएर बेलैमा ठेगान लगाउन किन ढिला भइरहेको हो ? जिल्ला संघ किन अग्रसरता लिइरहेको छैन ?' सापकोटाको प्रश्न थियो ।

साधारणसभा समारोहको उद्घाटन सत्रमा गत ६६औं राष्ट्रिय सहकारी दिवसमा घोषणा गरिएको विभिन्न विधाका ११ जनालाई पुरस्कार तथा सम्मान प्रदान गरिएको थियो ।

संघले झापाली सहकारी सम्मान पुरस्कारबाट राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेललाई नगद २५ हजार ५५५ रुपैयाँसहित सम्मानपत्रले सम्मान गरेको छ । पत्रकार गोविन्दचन्द क्षेत्रीलाई नगद १० हजार ५५५ रुपैयाँसहित उत्कृष्ट सञ्चारकर्मी पुरस्कार, देवीप्रसाद दाहाललाई नगद १० हजार ५५५ रुपैयाँसहित पूर्व सञ्चालक सम्मान प्रदान गरिएको थियो ।

यसैगरी, उत्कृष्ट कृषि सहकारीका रुपमा बुद्धशान्तिको होक्से कृषि सहकारी, उत्कृष्ट बहुउद्देश्यीय सहकारीका रुपमा मेचीनगरको मेची कृषक बहुमुखी सहकारी, उत्कृष्ट बचत तथा ऋण सहकारीका रुपमा मेचीनगरकै पूर्वाद्वार साकोस, उत्कृष्ट बचत कारोबारका रुपमा कमलको नवोदय बहुउद्देश्यीय, उत्कृष्ट कर्जा कारोबारका रुपमा हल्दिबारीको हाम्रो गोलधाप कृषि सहकारीलाई १० हजार ५५५ रुपैयाँसहित सम्मानपत्र प्रदान गरिएको थियो ।त्यसैगरी उत्कृष्ट ब्यवस्थापक महिलातर्फ दमकको नवदुर्गा बहुउद्देश्यीय सहकारीका धनकुमारी पौडेल र पुरुषतर्फ गौरादहको शुभलक्ष्मी बहुउद्देश्यीय सहकारीका तिलक कार्कीलाई सम्मान तथा पुरस्कृत गरिएको छ । उनीहरुलाई जनही ५ हजार ५५५ रुपैयाँसहित सम्मानपत्र प्रदान गरिएको छ ।

यस्तै उत्कृष्ट पालिका समन्वय समितिका रुपमा गौरीगञ्ज पालिका सहकारी समन्वय समितिलाई सम्मान गरिएको छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५१२६७७५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

मानव डेन्टल
MANAV DENTAL HOSPITAL PVT.LTD. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५७०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिष्टिम आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष आज जिम्मेवारी बढ्न सक्ने समय आएको छ ।

भाग्यले साथ दिनेछ । सजिलै अरूको मन जित्न सकिनेछ । **वृष**

मिथुन कडा परिश्रम व्यर्थै खेर जान सक्छ । सामाजिक र परोपकारका मार्गमा अवरोध ।

कर्कट आजको दिन घरमै मनोरञ्जनपूर्ण रहला । सामाजिक तथा परोपकारजन्य कार्यमा लगाव

आज प्रविधि मार्फत दैनिकी सहज हुनेछ । पारिवारिक भेटघाट हुनेछ । **सिंह**

कन्या घरपरिवारमा र रमाइलो वातावरण छाउनेछ ।

तुला घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ ।

मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । **वृश्चिक**

धनु वाणीमा कुशलता आउने दिन परेको छ । नयाँ काम र करियरको क्षेत्रमा मन जाने ।

मकर साथीको सुझावले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । स्वास्थ्य प्रति सजग रहन आवश्यक

भाग्य बलमा कमी भएको आभास गर्नु हुनेछ । सामाजिक काममा व्यस्त हुने समय **कुम्भ**

मिन बोलीवचन र भाषण आदिमा प्रशंसा मिल्नेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा